संघीय संसद

# राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति

बैठक सङ्ख्याः १८
मितिः २०८२/०४/२३ गते
समयः बिहान ९:१५ बजे

**छलफल तथा निर्णयहरुः-**

१) सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद भवन निर्माणको हाल थपिएको म्याद पछिको कार्यतालिका, सो कार्यतालिका कार्यान्वयनमा मन्त्रालयले गरिरहेको तयारीको सम्बन्धमा माननीय उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह, मन्त्रालयका सचिव र विभागका महानिर्देशक समितिको बैठकमा उपस्थित भई जानकारी गराउनु भयो । प्रस्तुत गरिएका विषयमा समितिका माननीय सदस्यहरुले केहि जिज्ञासा र आ-आफ्नो राय राख्नु भएपछि समितिले छलफल समेतका आधारमा निम्न निर्णय गरियोः

(क) संघीय संसद भवनका विभिन्न संरचनाहरुको निर्माण कार्य सम्पन्न हुने अन्तिम मिति मात्र समितिलाई जानकारी भएकोमा उक्त मितिमा सम्पन्न गर्न प्रत्येक महिना के कति काम सम्पन्न गर्दै जाने लक्ष्य राखिएको छ?, प्रत्येक संरचनाको छुट्टाछुट्टै बाँकी ६ महिनाको प्रत्येक महिनाको अनुमानयोग्य लक्ष्य किटान गरिएको कार्यतालिका एक हप्ता भित्र समितिलाई उपलब्ध गराउन र यस अघि समितिले दिइएको निर्देशन अनुसारको प्रगति विवरण १५-१५ दिनमा समितिमा उपलब्ध गराउन शहरी विकास मन्त्रालयलाई निर्देशन दिने।

(ख) म्याद थप पछिको कार्यतालिका सन्तोषजनक नदेखिएकोले समितिको तर्फबाट आकस्मिक रुपमा स्थलगत अनुगमन गर्ने र त्यसको संयोजकत्व समिति सभापतिले गर्ने।

२) समितिले मिति २०८२/०४/१२ गते किर्तिपुरस्थित निर्माणाधीन अन्तराष्ट्रिय क्रिकेट मैदानको अनुगमन गरेकोमा सो अनुगमन पश्चात् हालसम्मको अवधिमा के कति प्रगति भएको छ?, सोको सम्पुर्ण विवरण एक हप्ता भित्र समितिमा पठाउन शहरी विकास मन्त्रालयलाई निर्देशन दिने।

३) समितिको अर्को बैठक सूचना गरेपश्चात बस्ने गरी आजको बैठक स्थगित भयो ।

..................
(हर्कराज राई)
समिति सचिव/
प्रतिनिधि सभा सचिव

....................
(ठाकुर प्रसाद गैरे)
सभापति